# सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
२०७३
E-mail: sainamainamunicipality@gmail.com
+९७७-७१-४४०५५३


प.सं. :

च. नं.:

## व्यवसाय दर्ता सम्वन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०७५/०१/०४

सैनामैना नगर क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरु मध्ये केही व्यवसायहरु आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र वाणिज्य कार्यालय वा सो अन्र्तगतका कार्यालयहरुमा दर्ता गरी आफ्नो व्यवसाय संचालन गरेका तर यस नगरपालिकामा दर्ता नगरेका व्यवसायीहरुले २०७५ बैशाख ६ गते देखि ३१ गते भित्रमा यस नगरपालिकामा तपसिल बमोजिमको मिति, समय र स्थानमा अनिवार्य रुपमा दर्ता गराई जरिवाना छुटको लाभ लिनु हुन यो सूचना प्रकाशित गरिएको छ । सो अवधिमा पनि व्यवसाय दर्ता नगर्ने नगराउने व्यवसायीहरुलाई नियमानुसार कर तथा त्यसमा लाग्ने जरिवाना लिएर मात्र व्यवसाय दर्ता गराइने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

### व्यवसाय दर्ता गर्ने मिति र स्थान

| क्र.सं. | वडा नं. | मिति | | दर्ता गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | १ देखि ५ सम्म | २०७५/०१/६ | २०७५/०१/१५ | आ-आफ्नो वडा कार्यालयमा | निवेदन सम्बन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ । |
| २ | ६ देखि ९ सम्म | २०७५/०१/१६ | २०७५/०१/२४ | आ-आफ्नो वडा कार्यालयमा | |
| ३ | १० र ११ | २०७५/०१/२५ | २०७५/०१/३१ | आ-आफ्नो वडा कार्यालयमा | |

### आवश्यक कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

२. व्यवसाय सञ्चालन गर्ने घरको घरकर बुझाएको रसिद,

३. बहालमा व्यवसाय सञ्चालन गरेको भए घरभाडा सम्झौताको प्रतिलिपी,

४. सञ्चालकको पासपोर्ट साइजको फोटो २ प्रति

५. यस अघि विभिन्न कार्यालयमा दर्ता गरेका व्यवसाय दर्ताको प्रमाण पत्रका प्रतिलिपी

नोट : साविक पर्रोहा गा.वि.स. र दुधराक्ष गा.वि.स.को हकमा आ.व. ०७०/७१ देखि हाल सम्म र साविक सालझण्डी गा.वि.स.को हकमा आ.व.०७३/७४ देखि हाल सम्मको व्यवसाय कर लाग्ने कुरा समेत जानकारी गराईन्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत